बागमती प्रदेश सरकार

उद्योग, वाणिज्य, भूमि तथा प्रशासन मन्त्रालय

उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय

# उद्योग तथा वाणिज्य कार्यालय

मकवानपुर, हेटौंडा, नेपाल

---

## <u>सिपमुलक तथा उद्यमशिलता तालिममा सहभागीताको लागि आवेदन दिने सम्बन्धि सूचना।</u>

(सूचना प्रकाशित मितिः २०८२/०८/०७)

यस कार्यालयको चालु आ.ब. २०८२/०८३ मा स्वीकृत बजेट तथा वार्षिक कार्यक्रम अनुसार तपसिल बमोजिमका तालिमहरु सञ्चालन गरिने भएकाले तालिम लिन इच्छुक तथा योग्य नेपाली नागरिकहरुले यो सूचना प्रकाशित भएको मितिले २१ ( एक्काइस ) दिन भित्र यस कार्यालयमा तोकिएको ढाँचा अनुसारको आवेदन र अन्य कागजात पेश गर्नु हुन सबैको जानकारीको लागी यो सूचना प्रकाशन तपसिल गरिएको छ ।

तपसिल

| क्र.सं | तालिम कार्यक्रमको नाम, विषय क्षेत्र | तालिमका लागि प्राथमिकता दिइने लक्षित समुह | कैफियत |
|---|---|---|---|
| १. | जिल्लाको आवश्यकता अनुसार सिप विकास तालिम पहिचान एवम् सञ्चालन | १. आर्थिक रुपले विपन्न सिमान्तकृत पिछडिएका लोपोन्मुख तथा अल्पसंख्यक समुदायका व्यक्तिहरु<br>२. उद्यम गर्न इच्छुक नागरिक<br>३. उद्यमलाई प्रभावकारी ढङ्गले सञ्चालन गर्न चाहने लघु, घरेलु तथा साना उद्यमीहरु<br>४. परम्परागत रुपमा रहेको सीपलाई आधुनिक प्रविधिमैत्री बनाई व्यवसायिक दक्षता अभिवृद्धि गराउन चाहने व्यक्तिहरु<br>५. वैदेशिक रोजगारीबाट फर्केका युवा जनशक्तिहरु । | |
| २. | उलन फेल्ट ह्याण्डिक्राफ्ट एडभान्स तालिम, हेटौडा-२ | | |
| ३. | केराको रेसाबाट वस्तु उत्पादन तालिम, हेटौडा उ.म.न.पा | | |
| ४ | महिला तथा पुरुषहरुका लागि कपाल काट्ने एडभान्स तालिम , हेटौडा | | |
| ५. | एडभान्स गार्मेन्ट तालिम | | |
| ६. | धुपस्टिक अगरबत्ति बनाउने सम्बन्धी तालिम, हेटौडा-५ मकवानपुर | | |
| ७. | काठको ठेकी बनाउने तालिम | | |
| ८. | चेपाङ समुदायका महिलालाई सिलाई कटाई तालिम राक्सिराङ | | |
| ९. | अचार बनाउने तालिम, हेटौडा | | |
| १०. | गलैचा बुनाई तालिम | | |
| ११. | सिलाई बुनाई तालिम इन्द्रसरोवर-३ | | |
| १२. | क्रिष्टल गहना बनाउने सम्बन्धी तालिम | | |
| १३. | वारिष्टा सम्बन्धी तालिम | | |
| १४. | अविर केशरी बनाउने तालिम | | |
| १५. | बाटेको धुप बनाउने सम्बन्धी तालिम | | |
| १६. | ब्युटि पार्लर तालिम, हेटौडा-१३ | | |
| १७. | अपाङ्गहरुलाई सीप विकास तालिम | | |

| | | | |
|---|---|---|---|
| १८. | महिलाहरुको आर्थिक सामाजिक सशक्तिकरणका लागि उद्यमशिलता, डिजिटल वित्त र बजारिकरणसम्बन्धी तालिम हेटौडा १ र १६ | | |
| १९. | युवा तथा महिलालाई उद्यमशिलता तालिम थाहा न.पा.-८ | | |
| २०. | माझी समुदायका लागि उद्यमशिलता तथा सीपमुलक तालिम बकैया गा.पा. | | |
| २१. | मोबाइल, ल्यापटप मर्मत सम्बन्धी तालिम मकवानपुर | | |
| २२. | हेयर कटिङ तालिम मनहरी गा.पा.-७ | | |

**(क)तालिम अवधि:-** स्वीकृत बजेटको परिधिभित्र रही छोटो, मध्यम र लामो अवधिको तालिम सञ्चालन गरिने छ ।

**(ख)तालिम दिइने स्थान:-** बजेट तथा कार्यक्रममा क्षेत्र/ स्थान उल्लेख भएकोमा सोहि अनुसार, नतोकिएको हकमा कार्यालयबाट पछि निर्णय हुनेछ ।

**(ग) छनौट विधि:-** व्यक्तिगत अन्तर्वार्ता

**(घ) तालिम सञ्चालन मिति, अवधि र स्थान:-** प्रशिक्षकको उपलब्धता, प्रशिक्षार्थीहरुको सामुहिक माग र बजेटको सिमा तथा औचित्यताको आधारमा पछि तय गरिने छ ।

**(ङ) प्रशिक्षार्थीको योग्यता:-**

१. बागमती प्रदेश भित्र बसोबास गर्ने नेपाली नागरिक हुनुपर्ने छ ।
२. १६ वर्ष उमेर पुरा भएको ।
३. तालिमको प्रकृति अनुसार कार्यविधिमा उल्लेख भए अनुसारको शैक्षिक योग्यता भएको ।

**(च) पेश गर्नुपर्ने कागजातहरु:-**

१. नेपाली नागरिकताको प्रमाणपत्रको फोटोकपी ।
२. तालिम पश्चातको व्यवसायिक योजना तथा उद्योग सञ्चालन गर्ने प्रतिबद्धता पत्र (कम्तीमा २ पानाको ) ।

**(छ)छनौट भएका प्रशिक्षार्थीहरुले पाउने सुविधा:-**

दैनिक हाजिरीका आधारमा तोकिए अनुसारको खाजा खर्च तथा प्रतिव्यक्तिलाई तालिम अवधिभरका लागी एकमुष्ठ परिवहन खर्च वापत रु ५००/- उपलब्ध गराइने छ ।

नोट:-

क) यसमा उल्लेख भए बाहेक अन्य कुराहरु 'तालिम सञ्चालन सम्बन्धी कार्यविधि २०८१" तथा बागमती प्रदेश सरकारबाट स्वीकृत प्रदेश सार्वजनिक खर्चको मापदण्ड २०७८ अनुसार हुनेछ ।

ख) तालिम सम्बन्धी आवेदन कार्यालयबाट प्राप्त हुनेछ र तालिम सम्बन्धी अन्य बुदाहरु बुझ्नु परेमा मोबाइल नं. ९८४५२८७०६४ मा सम्पर्क राख्न सकिने छ ।

बागमती प्रदेश सरकार
उद्योग, वाणिज्य, भूमि तथा प्रशासन मन्त्रालय
उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय
उद्योग तथा वाणिज्य कार्यालय
हेटौडा, मकवानपुर, नेपाल

राम प्रसाद भुसाल
प्रमुख उद्योग अधिकृत